Knowledge Brief

# Scaling Child Clubs in Rural Community Schools: **Opportunities and Challenges in Bhojpur, Koshi Province, Nepal**

Prepared by: **Utkrishta Sharma** | June 2026

***"Despite the widespread expansion of child clubs across schools in Nepal over the years, this growth has not always resulted in sustained and meaningful child participation."***

This knowledge brief presents the findings of the report analyzing the opportunities, operational challenges, and actionable recommendations for scaling student-led child clubs across the community schools of the Bhojpur municipality. The report draws on field-based insights, key informant interviews, and student surveys from 13 community schools implementing the LIKE Club model.

## LIKE Club and Project Overview

The LIKE Club is an inclusive, student-led, and school-based platform that aims to promote values of Gender Equality and Social Inclusion (GESI) among children through child-identified, capability-driven club activities. It is an extended effort of the research-for-development project *"Promoting Gender Equality and Social Inclusion in Schools: Building on What Children Value and Aspire to Do and Be,"* being implemented by the Learning, Innovation, and Knowledge Exchange (LIKE) Lab at Kathmandu University School of Arts, Nepal, with support from the Global Partnership for Education's Knowledge and Innovation Exchange (GPE KIX) and the International Development Research Centre (IDRC).

The project aims to generate evidence on the scalability of GESI-related diagnostic tools, strengthen the capacities of students, teachers, and other stakeholders to expand children's capabilities, and use empirical findings to inform school policies that advance gender equality and social inclusion.

## Context and Policy Relevance

Child clubs in Nepal have long served as effective spaces for promoting children's participation, leadership, and rights within school and community settings. Their establishment is supported by national frameworks such as Article 39 of the Constitution of Nepal (2015), the Children's Act (2018), and the Child-Friendly Local Governance (CFLG) National Strategy (2011), which collectively institutionalize children's rights to participation and engagement. Child clubs have expanded significantly across Nepal, with over 23,000 clubs and approximately 435,000 members nationwide. This growth has been supported by numerous government bodies as well as national and international organizations such as the United Nations Children's Fund (UNICEF), Save the Children, Plan International, and ActionAid, among others. However, despite this expansion, many clubs continue to face challenges related to sustainability, effectiveness, and meaningful participation.

These challenges are more pronounced in rural community schools,



where limited resources for club operations, weak institutional support, and socio-cultural barriers hinder the effective functioning of child clubs. In this context, the LIKE Club model, implemented across community schools in Bhojpur Municipality, serves as a useful reference for examining how child clubs can be strengthened and scaled to promote meaningful participation and sustained impact.

## Scaling of Child Clubs for Sustainable Impact

Scaling child clubs for impact goes beyond expanding their reach to more schools. It involves strengthening their quality, relevance, and sustainability to ensure meaningful improvements in children's participation and development. Literature defines scaling science as a deliberate process that combines expansion with institutional integration, local adaptation, and stakeholder ownership. Rather than simple replication, effective scaling requires aligning initiatives with existing education systems and strengthening the capacity of students, teachers, and school leaders.

Crucially, scaling is not always synonymous with growth, as without adequate support and resources, expansion may not lead to sustained impact. Instead, successful scaling embeds practices into routine school systems, supported by collaboration across schools, communities, and local governments. It also requires coordination across multiple levels of the education system and engagement with stakeholders, including families and local governments. In this sense, sustainable scaling is achieved when initiatives become locally owned, adaptable, and institutionally supported, enabling long-term improvements in children's participation, learning, and well-being.

KATHMANDU UNIVERSITY | SCHOOL OF ARTS
GPE KIX KNOWLEDGE INNOVATION EXCHANGE
IDRC · CRDI Canada
LEARNING, INNOVATION & KNOWLEDGE EXCHANGE LIKE Lab

## Methodology

- **Study Site:** Conducted across 13 community school of Bhojpur Municipality, Koshi Province, Nepal where the LIKE club is operational
- **Participants:** 13 schools' headteachers, 13 GESI focal persons (existing school teachers teaching social science in the schools), 26 students (one male and one female from each school)
- **Methods:** Key informant interviews (KII), student surveys, and field observations
- **Approach:** Mixed-methods with triangulation of data to ensure reliability of findings

## Key Findings

### Opportunities for Scaling Child Clubs:

1. **Students' Enthusiasm and Willingness to Participate in the Child Clubs:** Students were noted expressing high enthusiasm and willingness to participate in club activities and in receiving capacity-building trainings to learn about club operations, along with an interest in possible future club activities like football, volleyball, badminton, and kabaddi, as well as creative competitions such as dance, poetry, singing, storytelling, and dance competitions. This existing willingness among students provides a favorable entry point for strengthening and scaling child clubs within rural community schools, supporting their effective and sustained scaling when institutional support is ensured.
2. **Awareness of Child Rights and Club Purpose:** Most of the students were aware of child clubs and understood them as groups that promote children's rights and well-being. They also associated child clubs with building leadership, confidence, and other personal development skills. Commonly used terms included "child rights," "protection," and "groups for children." This existing awareness provides a strong foundation for the sustainable scaling of child clubs within rural schools.
3. **Development of Leadership and Life Skills:** Headteachers reported that participation in LIKE club activities strengthened students' confidence, communication, teamwork, leadership, public speaking, and problem-solving skills. Students were observed actively engaging with peers, taking initiative, and demonstrating increased responsibility in school activities. These skill gains position students to take leadership roles that support the continued scaling of child clubs in rural community schools.

### Challenges for Scaling:

1. **Capacity-Building Training Required for Sustainable Club Operations:** There is a gap in practical know-how for effectively operating child clubs, despite strong student enthusiasm. Many students and GESI focal persons lack clarity on their roles and responsibilities in serving as club leaders, as well as in maintaining basic records of meetings, decisions, and activities. This limits effective functioning and local ownership of clubs, making it difficult to scale the initiative sustainably without targeted capacity-building, mentorship, and training for both students and facilitators.



2. **Inadequate Parental Support:** The effectiveness and expansion of child clubs depend partly on parental encouragement, but this support is not always present in rural community schools. Students reported that parents sometimes discourage participation, believing it may interfere with studies or regular class attendance. Such perceptions affect student engagement and pose a barrier to the long-term sustainability and scaling of child clubs.
3. **Shortage of Adequate Resources to Support Club Activities:** Head teachers, GESI focal persons, and students noted a shortage of essential materials required to carry out planned club activities effectively. This resource gap limits regular participation and weakens the long-term sustainability of child clubs in schools.

## Recommendations for Scaling of Child Clubs

- **Strengthen Capacity-Building Efforts:** Biannual training workshops are recommended to strengthen the understanding of leadership and operational skills of both club members and teacher facilitators. These trainings can strengthen independent club functioning and support sustainable scaling across schools.
- **Increase parental support:** Schools should involve parents in club activities and awareness sessions to help them understand the benefits of student participation in child clubs. Strengthening parental support can improve regular participation and support sustainable scaling.
- **Institutionalize Support Mechanisms:** Municipal recognition of LIKE clubs under the Child Friendly Local Governance (CFLG) framework can help integrate club activities into existing school and local governance systems. This can improve institutional support and contribute to the sustainable scaling of child clubs.

## Conclusion

Child clubs present strong potential for promoting inclusive, student-led learning environments in rural community schools. While student enthusiasm and skill development provide a strong foundation for the scaling of child clubs , addressing capacity gaps, parental support, and resource constraints are critical. A strategic approach that combines expansion with system strengthening and institutional integration will be key to achieving sustainable and meaningful impact.

## Disclaimers

The views expressed herein do not necessarily represent those of IDRC or its Board of Governors.

## Acknowledgements

This work was supported by the Global Partnership for Education Knowledge and Innovation Exchange, a joint endeavour with the International Development Research Centre, Canada.

ज्ञान संक्षेप

# सामुदायिक विद्यालयहरूमा बाल क्लबहरूका विस्तारः कोशी प्रदेश, भोजपुर, नेपालमा अवसर र चुनौतीहरूको सन्दर्भ

उत्कृष्टा शर्माद्वारा तयार सामग्री | जुन २०२६

***"विगतका वर्षहरूमा नेपालभर बाल क्लबहरूको उल्लेखनीय विस्तार भए तापनि यसले निरन्तर र अर्थपूर्ण बाल सहभागितामा अपेक्षित परिणाम दिन सकेको छैन।"***

यो ज्ञान संक्षेपले भोजपुर नगरपालिकाका सामुदायिक विद्यालयहरूमा विद्यार्थीको नेतृत्वमा सञ्चालन भइरहेका बाल क्लबहरूको विस्तारका अवसर, सञ्चालनसम्बन्धी चुनौतीहरू तथा विस्तारका लागि आवश्यक कार्यमुखी सुझावहरूबारे गरिएको अध्ययनका निष्कर्ष प्रस्तुत गर्दछ। सो अध्ययन १३ वटा सामुदायिक विद्यालयमा हाल सञ्चालनमा रहेका लाइक क्लब मोडेलसम्बन्धी प्रत्यक्ष विद्यालय भ्रमणमार्फत गरिएको अध्ययन, प्रमुख सरोकारवालासँग गरिएको अन्तर्वार्ता, तथा विद्यार्थी सर्वेक्षणका आधारमा तयार गरिएको छ।

## लाइक क्लब र परियोजनाको सारांश

लाइक क्लब एक समावेशी र विद्यार्थीहरूको नेतृत्वमा विद्यालयमा सञ्चालन हुने समूह हो, जसले बालबालिकाको आवश्यकता र क्षमताअनुसारका गतिविधिहरु मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मूल्यहरू प्रवर्द्धन गर्ने लक्ष्य राख्दछ। यो क्लब काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्ट्स अन्तर्गतको 'लर्निङ, इनोभेशन एण्ड नलेज एक्सचेन्ज ल्याब'द्वारा सञ्चालन गरिएको "बालबालिकाले के गर्न र बन्न चाहन्छन्" भन्ने विषयमा आधारित *"विद्यालयमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रवर्द्धनको लागि परियोजना"* को विस्तारित प्रयास हो। यो परियोजना ग्लोबल पार्टनरशिप फर एजुकेसनको नलेज एण्ड इनोभेशन एक्सचेन्ज तथा इन्टरनेशनल डेभलपमेन्ट रिसर्च सेन्टर को सहयोगमा सञ्चालन भइरहेको छ।

यस परियोजनाको उद्देश्य लैङ्गिकसमानता र सामाजिक समावेशीकरण सम्बन्धी निदानात्मक उपकरणहरूको मापन र योग्यताबारे ज्ञान उत्पादन गर्ने, बालबालिकाको क्षमता विकासका लागि विद्यार्थी, शिक्षक तथा अन्य सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने तथा अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने विद्यालय नीतिलाई सहयोग पुर्‍याउनु हो।

## सन्दर्भ तथा नीतिगत सान्दर्भिकता

नेपालमा बाल क्लबहरूले विद्यालय तथा समुदायस्तरमा बालबालिकाको सहभागिता, नेतृत्व तथा अधिकार प्रवर्द्धनका लागि लामो समयदेखि प्रभावकारी मञ्चको रूपमा कार्य गर्दै आएका छन् । यस्ता क्लबहरूको स्थापना तथा सञ्चालनलाई नेपालको संविधान (२०७२) को धारा ३९, बालबालिका सम्बन्धी ऐन (२०७५) तथा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति (२०११) जस्ता राष्ट्रिय नीतिगत व्यवस्थाहरूले समर्थन गरेका छन्। यी नीतिगत व्यवस्थाहरूले बालबालिकाको सहभागिता तथा संलग्नताको अधिकारलाई संस्थागत गरेका छन्।

नेपालभर हाल २३,००० भन्दा बढी बाल क्लबहरू तथा करिब ४,३५,००० बालक्लब सदस्यहरू रहेका छन्। यी क्लबहरूको विस्तारमा विभिन्न सरकारी निकायहरूका साथै युनिसेफ, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेसनल र एक्शनएड जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको समेत योगदान रहेको छ। तथापि, यति व्यापक विस्तारका बाबजुद पनि धेरै बाल क्लबहरूले दिगोपन, प्रभावकारिता तथा अर्थपूर्ण



सहभागितासम्बन्धी चुनौतीहरू सामना गरिरहेका छन्।

यी चुनौतीहरू विशेषगरी ग्रामीण सामुदायिक विद्यालयहरूमा अझ बढी देखिन्छन्, जहाँ क्लब सञ्चालनका लागि सीमित स्रोतसाधन, कमजोर संस्थागत सहयोग तथा सामाजिक र सांस्कृतिक अवरोधहरूले बाल क्लबहरूको प्रभावकारी सञ्चालनमा बाधा पुर्‍याइरहेका छन्। यस सन्दर्भमा, भोजपुर नगरपालिकाका सामुदायिक विद्यालयहरूमा हाल सञ्चालन भइरहेको लाइक क्लब मोडेलले बाल क्लबहरूलाई कसरी अझ प्रभावकारी बनाउँदै विस्तार गर्न सकिन्छ भन्ने विषयमा अध्ययन तथा विश्लेषणका लागि उपयोगी सन्दर्भ प्रदान गर्दछ।

## बाल क्लबहरूको दिगो तथा प्रभावकारी विस्तार

बाल क्लबहरूको प्रभावकारी विस्तार भन्नाले केवल धेरै विद्यालयहरूमा यसको पहुँच विस्तार गर्नु मात्र होइन। यसको उद्देश्य बालबालिकाको सहभागिता तथा विकासमा अर्थपूर्ण सुधार ल्याउन क्लबहरूको गुणस्तर, सान्दर्भिकता तथा दिगोपनलाई अझ मजबुत बनाउनु पनि हो।

साहित्यहरुमा "स्केलिङ साइन्स" लाई विस्तारसँगै संस्थागत एकीकरण, स्थानीय आवश्यकता अनुसार अनुकूलन तथा सरोकारवालाहरूको स्वामित्वलाई समेट्ने योजनाबद्ध प्रक्रियाका रूपमा व्याख्या गरिएको छ। प्रभावकारी विस्तारका लागि एउटै अभ्यासलाई अन्य स्थानमा दोहोर्‍याउनु मात्र पर्याप्त हुँदैन; यसका लागि कार्यक्रमहरूलाई विद्यमान शिक्षा प्रणालीसँग समायोजन गर्नुका साथै विद्यार्थी, शिक्षक तथा विद्यालय नेतृत्वको क्षमता विकास गर्न आवश्यक हुन्छ।

सबै भन्दा महत्वपूर्ण कुरा, विस्तार सधैं वृद्धिको समानार्थी हुँदैन, किनकि पर्याप्त सहयोग तथा स्रोतसाधनबिना गरिएको विस्तारले दिगो प्रभाव सुनिश्चित गर्न सक्दैन। बरु,

KATHMANDU UNIVERSITY | SCHOOL OF ARTS
GPE KIX KNOWLEDGE INNOVATION EXCHANGE
IDRC · CRDI Canada
LEARNING, INNOVATION & KNOWLEDGE EXCHANGE LIKE Lab

प्रभावकारी विस्तार त्यतिबेला सम्भव हुन्छ जब अभ्यासहरू विद्यालयको नियमित प्रणालीभित्र समावेश हुन्छन् र विद्यालय, समुदाय तथा स्थानीय सरकारबीचको सहकार्यबाट समर्थन प्राप्त हुन्छ। यसका साथै शिक्षा प्रणालीका विभिन्न तहहरूबीच समन्वय तथा परिवार र स्थानीय सरकारलगायत सरोकारवालाहरूको सक्रिय सहभागिता पनि आवश्यक हुन्छ। यस अर्थमा, जब कार्यक्रमहरू स्थानीय स्वामित्वमा आधारित, आवश्यकता अनुसार अनुकूलन गर्न सकिने तथा संस्थागत रूपमा समर्थित हुन्छन्, तब मात्र बालबालिकाको सहभागिता, सिकाइ तथा समग्र कल्याणमा दीर्घकालीन सुधार सुनिश्चित गर्दै दिगो विस्तार सम्भव हुन्छ।

## विधि

- **अध्ययन स्थल:** कोशी प्रदेश, भोजपुर नगरपालिकाका १३ वटा सामुदायिक विद्यालय, जहाँ लाइक क्लब सञ्चालनमा रहेको छ।
- **सहभागीहरू:** १३ जना विद्यालयका प्रधानाध्यापक, १३ जना लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) फोकल व्यक्ति (विद्यालयमा सामाजिक अध्ययन विषय पढाउने शिक्षकहरू), तथा २६ जना विद्यार्थीहरू (प्रत्येक विद्यालयबाट एक छात्र र एक छात्रा)।
- **अध्ययनको विधिहरू:** प्रमुख सूचनादातासँग अन्तर्वार्ता, विद्यार्थी सर्वेक्षण तथा क्षेत्र अवलोकनको बिधिको प्रयोग।
- **ढाँचा:** अध्ययनमा मिश्रित विधि प्रयोग गरिएको थियो र प्राप्त तथ्यहरूको विश्वसनीयता सुनिश्चित गर्न विभिन्न स्रोतबाट आएका सूचनालाई एकअर्का संग दाँजिएको थियो।

## प्रमुख निष्कर्षहरू

### बाल क्लब विस्तारलाई सहयोग गर्ने अवसरहरू:

१. **विद्यार्थीहरूको उत्साह र सहभागिताको इच्छाशक्ति:** सर्वेक्षणमा विद्यार्थीहरूले बाल क्लबका गतिविधिहरूमा सहभागी हुन र क्लब सञ्चालन सम्बन्धी क्षमता विकास तालिमहरू लिन उच्च उत्साह र इच्छा देखाएका थिए। उनीहरूले क्लबमा खेलकुद (फुटबल, भलिबल, ब्याडमिन्टन, कबड्डी) तथा सृजनात्मक प्रतियोगिताहरू (नृत्य, कविता, गायन, कथा वाचन, चित्रकला प्रतियोगिता आदि) जस्ता विविध गतिविधिहरू चाहेको बताए। विद्यार्थीहरूको यो विद्यमान इच्छाशक्ति ग्रामीण सामुदायिक विद्यालयहरूमा बाल क्लबलाई सुदृढ गर्दै विस्तार गर्नका लागि अनुकूल आधार दिन्छ, जुन संस्थागत सहयोगसँगै दिगो रूपमा अघि बढाउन सकिन्छ।

२. **बाल अधिकार र क्लबको उद्देश्यबारे जागरूकता:** धेरैजसो विद्यार्थीहरू बाल क्लबबारे जानकार थिए र यसलाई बाल अधिकार तथा बालबालिकाको कल्याण प्रवर्द्धन गर्ने समूहका रूपमा बुझेका थिए। उनीहरूले बाल क्लबलाई नेतृत्व विकास, आत्मविश्वास वृद्धि तथा व्यक्तिगत क्षमता विकाससँग पनि जोडेर हेरेका थिए। "बाल अधिकार," "संरक्षण," र "बालबालिकाका लागि समूह" जस्ता शब्दहरू सामान्य रूपमा प्रयोग भएको पाइयो। विद्यार्थीहरूमा बाल क्लबप्रति देखिएको सकारात्मक प्रतिक्रिया रहेको जानकारीले ग्रामीण विद्यालयहरूमा क्लबलाई अझ प्रभावकारी रूपमा विस्तार गर्न मद्दत पुग्ने देखिन्छ।

३. **नेतृत्व तथा जीवनोपयोगी सीपको विकास:** प्रधानाध्यापकहरूले उल्लेख गरेका अनुसार लाइक क्लबका गतिविधिहरु मा सहभागिताले विद्यार्थीहरूको आत्मविश्वास, सञ्चार क्षमता, समूहमा मिलेर काम गर्ने क्षमता, नेतृत्व, सार्वजनिक भाषण कला र समस्या समाधान गर्ने सीप विकासमा सहयोग पुगेको छ। अवलोकनमा पनि विद्यार्थीहरू सक्रिय रूपमा सहभागी हुने, अग्रसरता देखाउने र विद्यालय गतिविधिमा जिम्मेवारीपूर्वक सहभागी हुने गरेको देखियो। यी सीपहरूले विद्यार्थीहरूमा नेतृत्वको विकाशगरि विद्यालयहरूमा बाल क्लबको विस्तारलाई निरन्तरता दिन मद्दत गर्छ।

### बाल क्लब विस्तारका प्रमुख चुनौतीहरू:

१. **दिगो रूपमा क्लब सञ्चालनका लागि क्षमता विकास तालिमको आवश्यकता:** विद्यार्थीहरूमा उत्साह भए पनि बाल क्लबलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक व्यावहारिक बुझाइ र सीपको कमी देखिएको छ। धेरै विद्यार्थी तथा GESI फोकल व्यक्तिहरूलाई क्लब नेतृत्वको भूमिका र जिम्मेवारी, साथै बैठक, निर्णय तथा गतिविधिका बैठक, निर्णय तथा गतिविधिको रेकर्ड राख्ने प्रक्रियाबारे स्पष्ट जानकारी नभएको पनि पाइयो। यसले क्लबको प्रभावकारी सञ्चालन र स्थानीय तहमा यसको जिम्मेवारीपूर्ण निरन्तरतामा असर पुर्याइरहेकोले बाल क्लबलाई दिगो रूपमा विस्तार गर्न विद्यार्थी र सहजकर्ताका लागि लक्षित क्षमता विकास, मार्गदर्शन तथा तालिम आवश्यक देखिन्छ।

२. **अभिभावकको अपर्याप्त सहयोग:** बाल क्लबको प्रभावकारी सञ्चालन र विस्तारका लागि अभिभावकको सहयोग महत्त्वपूर्ण हुन्छ, तर ग्रामीण सामुदायिक विद्यालयहरूमा यस्तो सहयोग सधैं पर्याप्त रूपमा पाइँदैन। केही विद्यार्थीहरूले अभिभावकहरूले "क्लबमा सहभागी हुँदा पढाइ वा नियमित कक्षामा असर पर्न सक्छ" भन्ने सोच राख्दछन्, जसले गर्दा उनीहरू क्लब गतिविधिमा सहभागी हुन निरुत्साहित हुन्छन्।यस्तो धारणा विद्यार्थीहरूको सहभागितामा असर पार्ने र बाल क्लबको दीर्घकालीन निरन्तरता तथा विस्तारमा चुनौती बन्ने देखिन्छ।

३. **क्लब गतिविधिका लागि आवश्यक स्रोतसाधनको कमी:** प्रधानाध्यापक, GESI फोकल व्यक्ति तथा विद्यार्थीहरूले क्लबका योजनाबद्ध गतिविधि प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सामग्री तथा स्रोतसाधनको अभाव रहेको उल्लेख गरेका छन्। यसले नियमित सहभागितामा असर पार्नुका साथै विद्यालयमा बाल क्लबको दीर्घकालीन सञ्चालन र विस्तारलाई कमजोर बनाइरहेको देखिन्छ।

### बाल क्लबहरूको विस्तार सम्बन्धी सुझावहरू:

१. **नेतृत्व तथा सञ्चालन सम्बन्धी सीप विकासलाई प्रभावकारी गर्ने:** बाल क्लबका सदस्यहरू तथा शिक्षक/सहजीकर्ताहरूको नेतृत्व र क्लब सञ्चालन सम्बन्धी ज्ञान तथा सीप बढाउन वर्षमा दुई पटक तालिम तथा कार्यशाला सञ्चालन गर्न सिफारिस गरिन्छ। यस्ता तालिमहरूले क्लबलाई प्रभावकारी रूपमा स्वतन्त्र सञ्चालन गर्न सहयोग पुर्याउनुका साथै विभिन्न विद्यालयहरूमा बाल क्लबको दिगो विस्तारमा पनि मद्दत गर्न सक्छन्।

२. **अभिभावकीय सहयोगलाई प्रोत्साहन गर्ने:** विद्यालयहरूले अभिभावकहरूलाई क्लबका गतिविधि तथा सचेतना मूलक कार्यक्रममा सहभागी गराई बाल क्लबमा विद्यार्थीहरूको सहभागिताबाट हुने फाइदाबारे जानकारी दिनुपर्छ। अभिभावकीय सहयोग बढ्दा विद्यार्थीहरूको नियमित सहभागिता बढ्न सक्छ र बाल क्लबहरूको दिगो विस्तारमा सहयोग पुग्न सक्छ।

३. **संस्थागत सहयोग प्रणालीलाई व्यवस्थित गर्ने:** बालमैत्री स्थानीय शासन (CFLG) को ढाँचा अन्तर्गत लाइक (LiKE) क्लबहरूलाई नगरपालिकाले मान्यता दिँदा क्लबका गतिविधिहरूलाई विद्यमान विद्यालय र स्थानीय शासन प्रणालीमा समाहित गर्न मद्दत पुग्दछ। यसले संस्थागत सहयोगमा सुधार ल्याउनुका साथै बाल क्लबहरूको दिगो विस्तारमा योगदान पुर्याउन सक्छ।

## निष्कर्ष

बाल क्लबहरूले ग्रामीण सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको सहभागिता बढाउने र उनीहरूलाई नेतृत्व गर्ने अवसर दिने वातावरण निर्माण गर्न मद्दत गरिरहेका छन्। विद्यार्थीहरूको रुचि र सीप विकास राम्रो देखिएतापनि क्लब सञ्चालन गर्ने व्यावहारिक सीपको कमी, अभिभावकको कम सहयोग र आवश्यक सामग्रीको अभावले यसको प्रभावकारी सञ्चालनमा समस्या ल्याएको छ। त्यसैले बाल क्लबलाई विस्तार गर्ने मात्र होइन, विद्यालयको दैनिक गतिविधिमा यसको स्पष्ट रूपमा समावेशीकरण गर्नुपर्छ र आवश्यक सहयोग प्रणाली बलियो बनाउनु आवश्यक छ।

## Disclaimers

The views expressed herein do not necessarily represent those of IDRC or its Board of Governors.


## Acknowledgements

This work was supported by the Global Partnership for Education Knowledge and Innovation Exchange, a joint endeavour with the International Development Research Centre, Canada.